दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २६५ | बुटवल | २०८२ असोज ०६ गते, सोमबार | नेपाल संवत ११४५ | Monday September 22, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**संविधानको एक दशक।**

- संविधान देशको मुल कानून हो।
- संविधानप्रदत्त हक र अधिकारको रक्षा गर्नु सबैको कर्तब्य हो,
- संविधान अनुरुप बनाइएका कानूनको उद्देश्य नागरिक अधिकारको रक्षा गर्नु हो,
- संविधानसँग बाझिने कानूनहरू बाझिएको हदसम्म अमान्य हुन्छन्
- नेपालको संविधान जारी भएको एक दशक पुरा भएको अवसरमा संविधान दिवस भव्य रुपमा मनाऔं।
- संविधानको पालना गर्नु सबैको कर्तव्य हो !

नेपाल सरकार विज्ञापन बोर्ड


## जेनजी आन्दोलन:

# निजी क्षेत्रमा करिब ८० अर्ब क्षति





बुटवल। अर्थतन्त्र पुनर्निर्माण, नवनिर्माण र पुनरुत्थानका लागि निजी क्षेत्रले सरकारसँग आवश्यक सुरक्षा समन्वय र सहकार्यका लागि आग्रह गरेको छ।

प्रधानमन्त्री सुशीला कार्कीसँग आइतबार भएको छलफलमा नेपाल उद्योग वाणिज्य महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रले सम्मानित रूपमा काम गर्न सक्ने वातावरणका लागि आवश्यक सहयोग र सुरक्षा अपेक्षा रहेको बताए।

'हामी सम्हालिँदै र सरकारलाई सघाउँदै सहकार्य गर्न तयार छौं।'- अध्यक्ष ढकालले भने। उनले आन्दोलन क्रममा निजी क्षेत्रमाथि आक्रमण हुनुले निजी क्षेत्रको महत्व बुझ्न नसकिएको रूपमा हेर्न सकिने बताए।

महासंघ र अन्तर्राष्ट्रिय वित्त निगमले गरेको अध्ययनअनुसार अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत छ भने ८६ प्रतिशत रोजगारी निजी क्षेत्रले दिइरहेको छ।

अध्यक्ष ढकालले अर्थतन्त्र पुनर्स्थापना र सुशासन कायम गर्न निजी क्षेत्र र सरकारबिच निरन्तर संवाद संयन्त्र निर्माण गर्न, व्यवसायीलाई आत्मविश्वास साथ खुला रूपमा व्यवसाय गर्न सक्ने वातावरण सुनिश्चितता कायम गर्न पनि आग्रह गरे।

महासंघले देशभरिको क्षति विवरण संकलन गरिरहेको र हालसम्म उपलब्ध तथ्यांक र सूचनाअनुसार करिब ८० अर्ब रुपैयाँ बराबर निजी क्षेत्रमा क्षति भएको प्रारम्भिक आँकलन रहेको ढकालले बताए।

युवापुस्ताको आन्दोलन क्रममा भएको घुसपैठका कारण निजी क्षेत्रले ठूलो जनधनको क्षति बेहोरेको हुँदा दोषीमाथि कारबाही हुनुपर्ने निजी क्षेत्रको माग छ। कारबाही हुन नसके दण्डहीनताको अवस्था सिर्जना भई निजी लगानी थप निरुत्साहित हुनेतर्फ निजी क्षेत्रका प्रतिनिधिले उक्त छलफलमा सरकारको ध्यानाकर्षण गराए।

महासंघले देशभरिको क्षति विवरण संकलन गरिरहेको र हालसम्म उपलब्ध तथ्यांक र सूचनाअनुसार करिब ८० अर्ब रुपैयाँ बराबर निजी क्षेत्रमा क्षति भएको प्रारम्भिक आँकलन रहेको ढकालले बताए।

विशेषगरी ठूलो क्षति भएका उद्योग र साना एवं राजधानी बाहिरका केही व्यवसायको विवरण आउन नसकेको र कतिपय दोहोरोपन पनि देखिएको छ। महासंघले जतिसक्दो चाँडो क्षति विवरण उपलब्ध गराउने गरी देशभरि सर्वेक्षण गरिरहेको छ।

छलफल क्रममा आन्दोलनमा प्रभावित व्यवसायीलाई कर्जा पुनर्संरचना र पुनर्तालिकीकरण सुविधा प्रदान गर्न, लगानी आकर्षित गर्न आयकरलगायतमा छुट प्रदान गर्न पनि अध्यक्ष ढकालले आग्रह गरे। माग बढाउन मूल्य अभिवृद्धि कर (भ्याट) को दरमा पनि समायोजन गर्न सकिनेतर्फ महासंघले सुझाव दिएको छ।

युवापुस्ताले चुस्त सरकारी सेवा चाहिरहेको बताउँदै अध्यक्ष ढकालले सूचना प्रविधिको उच्चतम प्रयोग र सदाचार काम गर्न सबैले पहल गर्नुपर्ने बताए।

चालु पुँजी कर्जा मार्गदर्शन कम्तीमा दुई वर्ष स्थगन, पुनर्कर्जा, ब्याज अनुदानलगायत वित्तीय सहुलियत तत्काल दिन सकिनेतर्फ व्यवसायीले प्रधानमन्त्री कार्कीको ध्यानाकर्षण गराएका थिए।

यसैगरी ब्याज सहुलियत र नयाँ संरचना निर्माण गर्न आवश्यक सामान ल्याउन प्रभावित व्यवसायीलाई भन्सारलगायत शुल्कमा छुट दिन पनि महासंघले आग्रह गरेको छ।

नागरिक एपबाट व्यवसाय दर्ता एवं खारेजीलगायत सेवा लिन सकिने एवं कर बुझाएपछि नवीकरण गर्नुपर्ने बाध्यता हटाउनु पर्ने माग महासंघले निरन्तर उठाइरहेको छ।

अध्यक्ष ढकालले सामाजिक उत्तरदायित्वअन्तर्गत रकम पुनर्निर्माणमा लगाउन सकिने हुँदा त्यसलाई खर्चका रूपमा देखाउन पाउने र अन्य सहजीकरण आवश्यक रहेकोतर्फ पनि सरकारको ध्यानाकर्षण गराए।

छलफलमा अध्यक्ष ढकालले सन् २०२६ मा नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने तयारीमा रहेको तर न्यून तयारीकै अवस्थामा भएको यस क्षतिले समस्या उत्पन्न हुन सक्नेतर्फ सरकारको ध्यानाकर्षण गराए।

यस्तै समस्या भोगेको बंगलादेशले विशेषगरी व्यापार सुविधाबाट वञ्चित हुने हुँदा स्तरोन्नतिको निर्णय पर सार्न खोजिरहेको छ। नेपालले पनि अहिले नै स्तरोन्नतिको निर्णय स्थगन गर्न संयुक्त राष्ट्रसंघ समक्ष आग्रह गर्नुपर्ने महासंघको सुझाव छ।

त्यस्तै कर छुट, साना तथा मझौला उद्यमका लागि उत्पादनमा आधारित राहत र सहुलियतपूर्ण कर्जाको आवश्यकताका साथै बजेट पुनरावलोकन गरी अनावश्यक शीर्षकको रकम पुनर्निर्माणमा उपयोग गर्न सकिने महासंघको सुझाव छ।

छलफलमा चालु पुँजी कर्जा मार्गदर्शन कम्तीमा दुई वर्ष स्थगन, पुनर्कर्जा, ब्याज अनुदानलगायत वित्तीय सहुलियत तत्काल दिन सकिनेतर्फ व्यवसायीले प्रधानमन्त्री कार्कीको ध्यानाकर्षण गराएका थिए।

## माओवादीका सबै कमिटी भंग गरेर मंसिरमा विशेष महाधिवेशन

बुटवल। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सबै कमिटी भंग गरेर आगामी मंसिरमा विशेष महाधिवेशन गर्ने प्रस्ताव गरेका छन्।

आइतबार बसेको पदाधिकारी बैठकमा उनले अहिलेका सबै कमिटी भंग गरेर मंसिरमा महाधिवेशन गरी नयाँ नेतृत्व चुन्ने प्रस्ताव गरेका हुन्।उक्त प्रस्ताव पदाधिकारी बैठकबाट पारित भएर केन्द्रीय कमिटीमा जाने छ। केन्द्रीय कमिटी बैठकले यससम्बन्धी औपचारिक निर्णय गर्ने एक पदाधिकारीले बताए।

'अध्यक्ष प्रचण्डले सबै कमिटी भंग गरेर आयोजक समितिमा रुपान्तरण गर्ने र मंसिरमा विशेष महाधिवेशन गरेर नयाँ नेतृत्व चुन्ने प्रस्ताव राख्नु भएको छ।'- ती पदाधिकारीले भने।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले केन्द्रीय समिति बैठक पनि एक हप्ताभित्रै बोलाउने बताएका छन्।

नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्मा प्रभाकर पक्षले अहिलेको नीति र नेतृत्वबाट पार्टी नचल्ने भन्दै धेरै पहिलेदेखि नै विशेष महाधिवेशन माग गर्दै आएको थियो।

जेनजी युवा आन्दोलनपछि यो माग अझ बढी चर्को भएको छ। उप-महासचिव शर्माले प्रचण्डले राजीनामा दिएर नयाँ नेतृत्वका लागि बाटो खोलिदिनुपर्ने बताएका छन्।

## घृणाजन्य अभिव्यक्ति नदिन आयोगको आग्रह

बुटवल। राष्ट्रिय मानवअधिकार आयोगले विभिन्न क्षेत्रका व्यक्तिहरूबाट घृणाजन्य अभिव्यक्ति आएको भन्दै ध्यानाकर्षण गराएको छ। आइतबार एक विज्ञप्ति जारी गर्दै आयोगले केही व्यक्ति, समूह र दलका नेताहरुबाट विभिन्न कोणबाट घृणाजन्य अभिव्यक्ति आएको र यस प्रकारका कार्यबाट हिंसात्मक कार्यलाई थप बल पुग्न जाने अवस्थाप्रति ध्यानाकर्षण गराएको हो।

'विकसित परिस्थितिप्रति आफ्नो धारणा राख्न पाउने एवम् कुनै सार्वजनिक व्यक्तिले गरेका कामप्रति टिप्पणी गर्न पाउने नागरिकको अभिव्यक्ति स्वतन्त्रता तथा नागरिक अधिकारको विषय हो,' आयोगले भनेको छ-'तर यस्ता अभिव्यक्तिहरू संयमित, मर्यादित र मानवअधिकारको मूल्य मान्यताको परिधिभित्र रहेर गर्नुपर्ने हुन्छ।'

हिंसात्मक कार्यलाई प्रश्रय पुग्ने गरी गतिविधिहरु नगर्न र विकसित राजनीतिक परिस्थितिमा संयमित भएर उचित निकास खोज्ने कार्यमा लाग्न आयोगले आग्रह गरेको छ।

'आफ्नो अधिकारको प्रयोग गर्दा अरुको मर्यादामा ठेस पुग्ने खालका अभिव्यक्ति नदिन, घृणाजन्य अभिव्यक्तिबाट समाजमा सिर्जना हुनसक्ने हिंसात्मक अवस्थाप्रति सचेत हुँदै कुनै पनि हिंसात्मक कार्यलाई प्रश्रय पुग्ने गरी गतिविधिहरू नगर्न र विकसित राजनीतिक परिस्थितिमा संयमित भएर उचित निकास खोज्ने कार्यमा लाग्न आयोग सम्बन्धित सबैमा आग्रह गर्दछ।'-आयोगले भनेको छ।

## विद्युत् बक्यौता उठाउन तयार : हितेन्द्र

बुटवल। अर्बौं बाँकी विद्युत् बक्यौता उठाउन नेपाल विद्युत् प्राधिकरणको बोर्ड बैठक डाक्ने तयारी गरेको छ।

कुलमान घिसिङले उर्जामन्त्रीको कार्यभार सम्हाल्दै गर्दा विद्युत् बक्यौता उठाउनेसम्बन्धी पहिलो निर्णय गरेका थिए। सोही निर्णयलाई कार्यान्वयनमा लैजानका लागि चाँडै बोर्ड बैठक डाक्ने तयारी भएको प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले बताए।

उनका अनुसार सोमबार/मंगलबार नै बैठक बसेर बिजुली बक्यौता उठाउन चाल्ने कदमबारे निर्णय लिइनेछ। शाक्यले सरकारको निर्णय मानेरै बक्यौता उठाउन लाग्ने समेत बताएका छन्।

'बक्यौतासम्बन्धी जुन मन्त्रीज्यूको निर्णय छ। यसलाई हामीले कार्यान्वयन गर्छौं। विद्युत् प्राधिकरणको मन्त्रीज्यू नै अध्यक्ष हुने व्यवस्था छ। बोर्डले निर्णय गर्नासाथ बक्यौता उठाउन लाग्छौं,' शाक्यले भने- 'बक्यौताका विषयमा हामीले बोर्डबाटै निर्णय गर्छौं। बोर्डमा मन्त्रीज्यू नै अध्यक्ष भएकाले निर्णय भएर कार्यान्वयन अघि बढ्नेछ। सोमबार अथवा मंगलबार बोर्ड बैठक बस्छ।'

» बाँकी ३ पेजमा

## नेतृत्व परिवर्तनको कुरा गर्नु गलत : महत

बुटवल। नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले पार्टी सभापति शेरबहादुर देउवामाथि सांघातिक आक्रमण भएको बेला नेतृत्व परिवर्तनको कुरा गर्नु गलत हुने टिप्पणी गरेका छन्।

आइतबार बिहान महाराजगञ्जस्थित आफ्नो घरमा पत्रकार सम्मेलन गर्दै उनले सांघातिक हमलाबाट सभापति देउवाको घाउ निको नभइसकेको अवस्थामा नेतृत्व परिवर्तनको बहस गरेर नुन छर्ने काम गरिएको आरोप लगाए।

'कांग्रेसभित्र पनि विभिन्न खाले बहस भइरहेको छ। हाम्रो पार्टी सभापति जसले लोकतन्त्रका लागि लामो संघर्ष गर्नुभएको छ, उहाँमाथि यस्तो त्रासदीपूर्ण आक्रमण भयो। अझै उहाँ उपचारको पूर्ण अवस्थामा पुग्नुभएको छैन। त्यस्तो बेला संवेदनशील हुन नसक्नु दुर्भाग्यपूर्ण कुरा हो।'- महतले भने।

उनले पार्टीले यसप्रकारका आक्रमणको भर्त्सना र निन्दा गरिसकेको भन्दै अहिले आन्तरिक विवादमा भन्दा एकतामा जोड दिनुपर्ने बताए। 'हाम्रो पार्टीभित्र अहिले जुन बहस भइरहेको छ, त्यो आलो घाउ ठिक नहुँदै सुरु भएको छ। त्यसप्रति हामी गम्भीर हुनुपर्छ।'- उनले भने।

महतले महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको नाम नलिइकनै नेतृत्व परिवर्तनको बहस अगाडि बढाएको असन्तुष्टि व्यक्त गरेका छन्।

महामन्त्रीद्वय थापा र शर्मासँगै केही नेताहरूले पार्टीको नेतृत्व बदलेर जेन-जी आन्दोलनको चाहनाअनुसार पार्टी पुनर्संरचना गरेर अगाडि बढ्नुपर्ने बताउँदै आएका छन्।

» बाँकी ३ पेजमा

## लम्पी स्किन सङ्क्रमणबाट १५ पशुको मृत्यु



**गौरीशंकर जयसवाल**

*परासी*

नवलपरासी पश्चिममा लम्पी स्किन सङ्क्रमणबाट पशुको मृत्यु हुने संख्या बढ्दै गएको छ। एक डेढ महिना अगाडि ५ वटा पशु मृत्यु भएको थियो। अहिले मुत्यु हुनेको संख्या ह्वात्तै बढेको हो। हालसम्म लम्पी स्किन सङ्क्रमणबाट १५ पशुको मृत्यृ भएको भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र नवलपरासीका डा. विभूती सिंहले जानकारी दिइन।

उनको अनुसार जिल्लामा हालमासम्म लम्पी स्किन रोगका कारण तीन सय १९ पशु प्रभावित भएका छन्। रोगबाट प्रभावित पशुको उपचार भैरहेको छ। २७ हजार लाई लम्पी स्किन रोगबाट प्रभावितलाई दिइने काम गरिएको सिंहले बताइन्।

जिल्लाको रामग्राम, सुनवल, बर्दघाट नगरपालिका, प्रतापपुर, सुस्ता र सरावल गाउँपालिकाका पशुमा लम्पी स्किन रोगको सङ्क्रमण देखिएको छ। असार महिनादेखि फाटफुट रुपमा देखिएको रोगले अहिले आएर संक्रमणको रुप लिन लागेको छ।

जिल्लामा ८३ हजार ४ सय ८८ गाईभैंसी छन्। सङ्क्रमणबाट भैंसीभन्दा धेरै गाईमा रोग फैलिएको छ।

जिल्लामा करिब ८३ हजार ४८८ गाईभैंसी छन्। जसमध्ये गाईको संख्या ४४ हजार ९८८ र भैंसीको संख्या ३८ हजार ५ सय रहेको केन्द्रले जनाएको छ। यो सरुवा रोग हो। झिँगा, भुसुना, लामखुट्टेबाट सर्ने यो रोगबाट बचाउन खोप लगाउनु नै उत्तम उपाय रहेको पशु चिकित्सकहरूले बताएका छन्। पशुहरूलाई सङ्क्रमणबाट बचाउन सङ्क्रमित पशुहरूबाट टाढा राख्ने, नयाँ पशु ल्याउँदा रोग भए/नभएको पहिचान गरेर मात्र ल्याउने र विशेष हेरचाहसहित स्याहार सुसारमा ध्यान दिनुपर्ने पशु चिकित्सक डा. सिंहको भनाइ छ।




## सम्पादकीय

# निजी क्षेत्रका अपेक्षा

अर्थतन्त्र पुनःनिर्माण, नवनिर्माण र पुनरूत्थानका लागि निजी क्षेत्रले सरकारसँग आवश्यक सुरक्षा समन्वय र सहकार्यको अपेक्षा गरेको छ । भदौ २३ र २४ गते भएको हिंसात्मक प्रदर्शनका क्रममा ८० अर्बको क्षति भएको प्रारम्भिक आँकलन गरेको निजी क्षेत्रले सरकारसँग गरेको यो अपेक्षा स्वभाविक छ । अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत छ भने ८६ प्रतिशत रोजगारी निजी क्षेत्रले दिइरहेको छ ।

हिंसात्मक प्रदर्शनका क्रममा छानी छानी व्यापारिक प्रतिष्ठानमा तोडफोड र आगजनी भए । अकस्मात उत्तेजित समूहले गरेको तोडफोड र आगजनीभन्दा सुनियोजित आक्रमण थियो भन्ने देखिन्छ । विभिन्न व्यापारिक प्रतिष्ठानमा केही घण्टामै आगजनी हुनु र राज्यले सुरक्षाको कुनै प्रत्याभूति नदिनुले उद्योगी व्यवसायी झस्केका छन् । अहिले अर्थमन्त्रीसहित मन्त्रीको टोलीले विभिन्न व्यापारिक प्रतिष्ठानमा पुगेर सान्त्वना र ढाडस दिइरहेका छन् । उनीहरुको ढाडस र सान्त्वनाले सामान्य मल्हमपट्टी लाग्न सक्छ, तर गहिरो घाउमा सामान्य मल्हमपट्टीले निको हुँदैन । अहिले व्यवसायीले दुई प्रश्न उठाएका छन् । पहिलो खरानी पन्छाएर व्यवसाय कसरी चलाउने ? दोस्रो जेनतेन खरानी पन्छाएर व्यवसाय चलाउँदा सुरक्षाको प्रत्याभूति हुन्छ कि हुन्न ? व्यवसायीका यी दुई चासोप्रति सरकार पूर्णतः जवाफदेही हुनुपर्छ । अर्थमन्त्री रामेश्वर खनाल निजी क्षेत्रमैत्री भएका र निजी क्षेत्रलाई उकास्दा मात्रै मुलुकमा रोजगारी श्रृजना हुन्छ भन्ने उनको निष्कर्ष भएकाले व्यवसायी केही आशावादी छन्, तर व्यवहारिक कार्यान्वयनको कसीमा उनीहरुले राज्यले गर्ने लगानी छिटो चाहेका छन् । कर्जामा सहुलियतपूर्ण व्याज, किस्ताको समयावधि बढाउनुपर्ने, बिमाको भुक्तानी छिटो र सहज हुनुपर्नेलगायतका निजी क्षेत्रका सरोकारबारे अर्थमन्त्री जानकार नै छन्, ती सरोकारको छिटो सम्बोधनले नै निजी क्षेत्रले सरकारप्रति विश्वास गर्न सक्छ ।

दोस्रो निजी क्षेत्रले सुरक्षाको प्रत्याभूति खोजेको छ । प्रहरीको मनोबल खस्केको बेला सुरक्षा हुँदैनकि भन्ने चिन्ता उनीहरुको जायज छ । जेलबाट हजारौँ कैदी र बन्दी भागेका, ती मध्ये केही अपराधमा संलग्न भइसकेका घटना सार्वजनिक भइसकेका, प्रहरीका हतियार र गोली लुटिएको र जेनजीका नाममा विभिन्न स्वार्थसमूहले उद्योगी व्यवसायीलाई दुःख दिन सक्ने सम्भावना देखिएकाले उनीहरुको चासोप्रति गृहप्रशासन संवेदनशील बन्नुपर्छ । माथिल्लो भोटेकोशीमा जेनजीका नाममा पत्र पठाउँदै १० प्रतिशत शेयर निःशुल्क दिनुपर्ने माग गरेपछि निजी क्षेत्रले आगामी दिनमा यस्ता हर्कत अझै बढ्ने आँकलन गरेको छ । यो बेला प्रहरीलाई कानुनको कार्यान्वयन गर्न दृढताका साथ लाग्न सरकारले ढाडस दिनुपर्नेमा गृहमन्त्री अहिंसावादी बन्न अर्ति दिँदै छन् । अहिंसावादी बन भनेर अर्ति दिँदा प्रहरी जिम्मेवारीबाट विमुख हुने जोखिम बढेको छ ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालको नेतृत्वमा उद्योगी व्यवसायीको टोलीले प्रधानमन्त्री सुशीला कार्कीसँग आइतबार छलफल गरेको छ । निजी क्षेत्रका सरोकारप्रति सरकारले एकीकृत रूपमा योजना बनाएर सम्बोधन गर्नुपर्छ । मन्त्रालयगत रुपमा जिम्मेवारीहरु तत्काल सम्बोधन गर्ने गरी विश्वासमा लिन सक्नुपर्छ । निजी क्षेत्रसँगको सहकार्यबाट मात्रै मुलुकलाई पुनर्निर्माण र पुनर्उत्थान गर्न सम्भव छ ।

## बडादसैं सुरु

# आज घटस्थापना

*सर्वमङ्गलमाङ्गल्ये शिवे सर्वार्थसाधिके ।*
*शरण्ये त्र्यम्बके गौरि नारायणि नमोऽस्तु ते ॥*



सबैभन्दा शुभ र सम्पूर्ण संसारलाई शुभ प्रदान गर्ने पवित्र र स्वच्छ दुर्गा माता हुनुहुन्छ । उहाँले आत्मसमर्पण गर्नेहरूको रक्षा गर्नुहुन्छ र उहाँलाई तीन लोककी माता पनि भनिन्छ । पर्वत राजाकी छोरी गौरी हाम्री माता दुर्गालाई बारम्बार नमन गर्छौं । हामी उनको पूजा गर्छौं । आज घटस्थापना अर्थात् नवरात्रिको प्रथम दिनको हार्दिक मङ्गलमय शुभकामना । आज घटस्थापनाको शुभ साइत बिहान ९ बजेर १३ मिनेटमा रहेको छ । यो शुभ मुहूर्तमा स्थापना गरिएको कलशमा सम्पूर्ण ब्रह्माण्डका देवी देवताहरूको आवाहन गरी नवरात्र भरी माता दुर्गाको भिन्नभिन्न स्वरूपको पूजा अर्चना गर्ने गरिन्छ, घटस्थापनाको दिन शुभ साइत बिहानै भए पनि श्रद्धा एवं भक्तिले दिनभरिनै आफ्नो कुलाचार र परम्पराअनुसार घटस्थापना गरी जमरा राख्न सकिनेछ ।

चाहे गाउँमा बस्नुहुन्छ या शहरमा, चाहे स्वदेशमा हुनुहुन्छ या विदेशमा, चाहे परिवारसँग हुनुहुन्छ या परिवारविना । यो वर्षको दसैँको रौनकले तपाईँलाई छुने वाला छ । छुने मात्र होइन आजदेखि आधिकारिक रूपमा छोई नै सक्यो । ल है ! आज जमरा छर्ने दिन अर्थात् घटस्थापना ।

**जमरा अर्थात् जौको जीवन**

जसलाई थोरै बालुवा मिसिएको माटोमा छरिन्छ । अनि नवरात्रिभरि नै हरेक दिन पूजा-अर्चना गरिन्छ । जमरा वास्तवमा जौको अङ्कुरण भएता पनि दसैँको जमरामा जौलगायत धान, मकै र गहुँका पहेँला, हरिया अङ्कुरित बालाहरू समावेश हुन्छ ।

माटो, पानी, हावा, फूल, आँकुरासँगै जुटेको यो संस्कारले वनस्पतिसँग हामी अत्यन्तै नजिक छौँ भन्ने स्पष्ट पार्छ । हिन्दुहरूको महान् पर्व दसैँमा जमरा संस्कृति एउटा मौलिक धरोहरको रूपमा रहिआएको छ भने यस दशमीको दिन लाइने जमरा उमार्न आजको दिन अर्थात् घटस्थापना महत्त्वपूर्ण दिन हो ।

**नवरात्र आरम्भ**

नवरात्रिको सुरुवात आजबाट भयो । अब हरेक बिहान देशका सम्पूर्ण नवदुर्गा भगवतीका शक्ति पीठहरूमा श्रद्धालुहरूको भीड हुन्छ । बिहान बिहान जमराको पूजा-पाठ गर्ने गर्नुपर्छ । अनि दशमीका दिन चामल, रातो अबिर, दही, केरा मिश्रित अक्षता टीकाले निधार भरेर जमरा ग्रहण गरी आफ्ना मान्यजनहरूबाट प्राप्त आशिषसँगै जीवनमा खुसीयाली प्राप्त गरिन्छ ।

जमराको मात्रा अर्थात् कति जमरा छर्ने भन्ने कुरा चाहिँ परिवारको संख्याअनुसार निर्धारण गरिन्छ । संयुक्त परिवारहरूले निकै ठुलो ठाउँमा जमरा छर्ने गर्छन् भने परिवारका सदस्य संख्या कम भएको परिवारहरूले सानो ठाउँमा जमरा छर्ने कार्य गर्छन् । यसरी छरिने जमरालाई माटोको चतुर्भुज आकारको बिच भागमा भने माटो या तामाको कलश स्थापना गरेर राखिन्छ । दशमीका दिन भने आवश्यकताअनुसार जमरालाई उखेलेर टिका लगाउन चाहिए जति झिक्ने गरिन्छ । यही जमरा, टिका अनि सद्भावले दसैँको रौनकता बढाउँछ । प्रत्येक मुहारमा दसैँको आकर्षणको वास्तविक चित्र कोर्ने गर्दछ ।

दसैँको जमरा राख्ने चलन भने ठाउँ अनुसारको फरक-फरक हुन्छ । कतै सामूहिक रूपमा दसैँ-घर स्थापना गरेर, गुठीमा या शक्ति पीठ अनि मठ-मन्दिरमा जमरा राखिन्छ अथवा व्यक्तिगत रूपमा आफ्नै घरको पूजा कक्षमा या घरको अन्य कुनै सफा ठाउँमा जमरा राख्ने गरिन्छ । जमरा राख्दा त्यस्तो कोठा छनौट गरिन्छ जसमा प्रकाश राम्ररी छिर्न नपाओस् । यसरी प्रकाश नपरेका जमराका बालाहरू पहेँला हुन्छन् । घटस्थापनाबाट प्रारम्भ हुने दसैँको नवरात्रि भनेको जमराको नौ दिने जीवन र दैनिक अङ्कुरणको प्रक्रिया पनि हो । जौको दानाभित्र रहेको जीवन शक्तिलाई जमराले उजागर गर्दछ र माटोले पोषण गर्दछ ।

१६औँ शताब्दीका राजा महेन्द्र मल्लले निर्माण गरेको वसन्तपुर दरबार क्षेत्रमा अवस्थित तलेजु भवानीको मन्दिरमा रहेको दसैँ घरमा गोर्खाबाट ल्याइएको फूलपातीहरू फूलपातीकै दिन भित्राइन्छ । यसरी भित्र्याइँदै आएको फूलपातीको जमरा पनि आजैका दिन विधिपूर्वक गोर्खामा छरिने चलन रहिआएको छ ।

उहिले आजभोलि जस्तो यातायातको सहज सुविधा थिएन । त्यति बेला भने गोर्खाबाट आबुखैरेनीसम्म हरेक एक एक किलोमिटरमा सरकारी कर्मचारीहरू उभ्याउन लगाई एउटा कर्मचारीले अर्कोलाई हस्तान्तरण गर्ने र अर्को सोही अनुरूप अर्को एक किलोमिटरको दूरीमा भएकालाई हस्तान्तरण गरेर रीतपूर्वक फूलपातीलाई रिले दौड जस्तै गरी मानव साङ्लो निर्माण गरेर आबुखैरेनीसम्म फूलपातीलाई ल्याइन्थ्यो ।

आबुखैरेनीदेखि भने गाडीमा राखेर काठमाडौँसम्म ल्याइन्थ्यो । यसरी ल्याइएको जमरालाई काठमाडौँको जमलसम्म गाडीमा ल्याएर त्यसपछि तलेजु भवानीको मन्दिरमा अवस्थित दसैँ घरसम्म पारम्परिक बाजागाजासहित भित्र्याउने गरिन्थ्यो । गोर्खाबाट ल्याइएको फूलपाती कुनै पनि अवस्थामा चौबीस घण्टा नबित्दै काठमाडौं ल्याइ पुर्‍याउनु पर्ने मान्यता समेत रहेको छ ।

लमजुङको मोरियाकोटमा स्थानीयवासीहरूले राइनासकोटको तल्लो भेगलाई (धमलीकुवा र गरमवेशीका केही स्थानीय भेगहरू) परिक्रमा गर्दै तल रहेको दूध पोखरी खोला र मस्याङ्गदीको दोभानमा गई नुहाई-धुवाई गरी चोखो भई कुभिन्डो तथा अन्य मौसमी फलफूलहरूलगायत फूलपाती बोकेर राइनासकोटस्थित राष्ट्रिय विभूति सरदार वीर भक्ति थापाको मन्दिरमा फूलपाती ल्याएर पूजाआजा गर्ने गरिन्छ ।

स्मरणीय रहोस्, उक्त मन्दिर कुनै पनि देशभक्त वीरको नाममा स्थापित देशकै एक्लो मन्दिर हो । राइनासकोट एउटा अत्यन्त सुन्दर र मनमोहक दृश्यहरू भएको लमजुङ जिल्लाको पर्यटकीय स्थल हो, जहाँबाट १५ वटा जिल्ला देखिन्छ । यस ठाउँमा दसैँलगायत शिवरात्रिमा पनि दर्शनार्थीहरूको विशेष भीड रहन्छ । यसबाहेक मेचीदेखि महाकालीसम्मका सम्पूर्ण शक्ति पीठहरू र काली माताको मन्दिरमा प्रातः कालदेखि नै मेला लाग्ने गर्छ ।

सभ्यताका प्रक्रिया अनि इतिहास हेर्दा मानवले जङ्गली युगको समाप्तिसँगै व्यवस्थित रूपमा कृषि गर्न थालेको पहिलो अन्न नै जौ हो । ठूल्ठूला नदीको किनारामा भएको यो मानव सभ्यता प्रक्रियाको उत्खनन् र अन्वेषण गर्दा मिश्र देशहरू अनि चीनमा पनि हजारौँ वर्ष पुराना जौको अवशेष भेटिएका छन् । संसारभरि नै जौलाई धेरै पुरानो अन्नका रूपमा विशेष महत्त्वका रूपमा हेरिन्छ ।

**तः छो**

हाम्रा सनातन संस्कारहरू जौ, तुलसी, कुश र तिलविना संकल्पित र पूर्ण हुन सक्दैनन् । नेवारी भाषामा भने जौलाई तः छो भनिन्छ भने अङ्ग्रेजीमा बार्ली भनिन्छ । जौको पौष्टिकता निर्विकल्प छ । टिभी रेडियोमा आउने विज्ञापनहरूमा धेरै पौष्टिक भनिएका आयातित महँगा खाने कुराहरूमा पनि जौको मात्रा देखाएर नै प्रचार प्रसार हुने गर्छ । यसमा 'ऐण्टिअक्सिडेन्ट' र 'विटाक्यारोटिन' लगायतका तत्त्वहरू पाइन्छ ।

शक्ति पीठहरूमा प्रातकालदेखि नै श्रद्धालु भक्तजनहरूको घुइँचो र मेला लाग्ने गर्छ । दसैँको तैयारी र किनमेल, लगाउने नयाँ लुगा अनि खसी-बोकाको तैयारी अनि खोजी सुरु भइसकेको छ ।

नयाँ कपडा सिलाउने अनि कपडाको नाप लिने भ्याइ नभ्याइ होला । अबका बजारमा खसी-बोकाको माग अनि किनबेच बढ्दो क्रममा हुनेछ । आज अर्थात् घटस्थापनामा जमरा राख्ने ठाउँ र नवरात्रिभरि पूजा गरिने पूजा स्थलको सरसफाइ पनि गरिन्छ । दसैँको तैयारीको सुरुवातका क्रममा अब घर वरिपरि सरसफाइ गर्ने, घर बाहिर भएका परिवारका सदस्य अनि पढ्न बाहिर बसेका विद्यार्थीहरू उत्साहका साथ घर फर्किने तैयारी अनि गाडी या प्लेनको टिकटको खोजी कार्य पनि सुरु भइसकेको छ । यो उल्लासको समय हो । आशाको सञ्चार भएको समय हो । परिवारहरू भेला हुने समय हो । सँगै माया र सद्भाव बढोस् ।

# नेप्से परिसूचकमा १११ अङ्कको वृद्धि



काठमाडौँ । गत हप्ता अन्तिम कारोबार दिन नकारात्मक सर्किट लागेर बन्द भएको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक आइतबार १११ दशमलव ७० अङ्कले बढेको छ । नेप्से परिसूचक चार दशमलव ४४ प्रतिशतले बढेको हो ।

३२९ कम्पनीको दुई करोड ३२ हजार २२४ कित्ता शेयर एक लाख आठ हजार ९०८ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब १७ करोड ९५ लाख ७३ हजार बराबरको कारोबार भएको छ । म्युचुअल फण्ड शून्य दशमलव ७१ र निर्जीवन बिमा चार दशमलव शून्य दुई प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।

सबैभन्दा बढी व्यापार समूह आठ दशमलव ६६ प्रतिशतले बढेको छ । बैंकिङ चार दशमलव ५२, विकास बैंक छ दशमलव शून्य सात, वित्त पाँच दशमलव ५४, होटल तथा पर्यटन दुई दशमलव ३३, जलविद्युत् पाँच दशमलव ८३, लगानी सात दशमलव ६८, उत्पादन तथा प्रशोधन चार दशमलव ८५, लघुवित्त तीन दशमलव ६९ र अन्य समूह एक दशमलव ५३ प्रतिशतले बढेको छ । कारोबारमा १३ वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी गुमाउनेमा सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेडको शेयर मूल्य सात दशमलव ६४ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु ८३ करोड १३ लाख ५५ हजार ९१० बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा कुमारी बैंक लिमिटेडको नौ लाख १४ हजार ३६ कित्ता शेयर खरिदबिक्री भएको छ ।

## नजिकिँदै गरेको दसैं:

# बजारमा छैन अनुगमन

अनुसा थापा

हिन्दु धर्मावलम्बीको महान चाड दसैं सुरु भैसकेको छ । दसैं व्यापारीहरुका निम्ति कमाउने मेलो हो । चाडपर्व भनेर व्यापारीहरुले सर्वसाधारणलाई लुट्छन् । अरु बेला एक सयमा पाउने सामानलाई दसैंको मौका छोपेर पाँच सयमा बेचिन्छ । त्यसैगरी, कालोबजारी पनि गरिन्छ ।

सामानहरु लुकाएर महँगो मूल्यमा बेचिन्छ । हरेक वर्ष दसैंमा यही अवस्था दोहोरिन्छ । तर, सरकारले त्यस्ता व्यापारीलाई कारबाही गर्दैन । दसैं नजिकिँदै गर्दा अहिलेसम्म बजार अनुगमन हुन सकेको छैन । मुलुकमा तीन तहको सरकार छ । संघअन्तर्गत अनुगमनका निम्ति थुप्रै निकाय छन् ।

तर, कुनै पनि सरकारले बजार अनुगमनमा चासो देखाएको छैन । जसले व्यापारीलाई उपभोक्ता ठग्न थप प्रोत्साहन गरेको छ । खाद्य व्यवसायी, लत्ताकपडा व्यवसायी, यातायात व्यवसायी र हवाई व्यवसायीले वर्षभरको कमाइ दसैंको बेला उठाउँछन् । हरेक सामान दोब्बर-तेब्बर मूल्यमा बेचिन्छ । दसैं नजिकिँदै गर्दा हवाई व्यवसायीले टिकटको मूल्य बढाएका छन् । यातायात व्यवसायी पनि भाडा बढाउनुपर्ने दाउमा छन् । आफूलाई उपभोक्तावादी बताउनेहरु पनि मौन बसेका छन् । सरकार त अनुगमनमा निक्लिएन, उपभोक्तावादीहरु कुन दुलोमा लुके । कतै बोलेको, अनुगमन गरेको देखिँदैन ।

हुन त उनीहरु पनि नाम मात्रका उपभोक्तावादी हुन् । पहिले व्यापारी तर्साउँछन् अनि त्यहीँ व्यापारीबाट ल्याएर खान्छन् । यो धन्दा लामो समयदेखि चलिरहेको छ । उपभोक्ताको नाम बेचेर उपभोक्तावादीहरु मोटाउने काम भइरहेको छ । व्यापारीलाई त जसरी नै नाफा कमाउनु छ । यो वर्ष अधिकांश व्यापारी पुरानै सामान बेच्ने दाउमा छन् । गत वर्ष नबिकेका सामानहरु यस वर्ष बेचिँदैछ । तर, उपभोक्तालाई त्यो सामान कति वर्ष पुरानो ? गुणस्तर छ कि गुणस्तरहीन ? थाहा छैन । व्यापारीहरुले भनेजति पैसा तिरेर पुराना सामान प्रयोग गर्न बाध्य छन्, उपभोक्ता ।

वर्तमान उद्योगमन्त्री दामोदर भण्डारी उद्योगी व्यवसायीको पक्षमा देखिन्छन् । उनले पद सम्हालेदेखि नै उद्योग व्यवसायी र व्यापारीहरुको हितमा काम गर्दै आएका छन् । उपभोक्ताको पक्षमा बोलेको कतै पनि सुनिँदैन । उल्टै 'उद्योगमन्त्रीले उद्योगीको पक्षमा काम नगरेर कसको पक्षमा गर्छन् ?' भन्दै बोल्छन् ।

उद्योगीको अगाडि पछाडि लागेर नभ्याउने मन्त्री काम गर्नेलाई देखी सहँदैनन् । जसको एउटा उदाहरण कुमार दाहाल हुन् । उद्योग, वाणिज्य तथा आपूर्ति विभागका महानिर्देशक उनी कन्सल्टेन्सी र स्कुलमाथि अनुगमन बढाउँदा सरुवा भएका थिए । पुरस्कार पाउनुपर्नेलाई झनै दण्ड गरिएको हो ।

म्याद सिद्धिएको, गुणस्तरहीन, खान अयोग्य सामानहरु बजारमा छ्याप्छ्याप्ती भेटिन्छन् । मिठाई पसलकै कुरा गरौं । फोहोर ठाउँमा मिठाई बनाइन्छ । केमिकल र स्वास्थ्यलाई हानिकारक हुने रंग हालेर मिठाई बनाइरहँदा सरकारलाई अनुगमनमा चासो छैन । मासु पसलहरु पनि एकदमै फोहोर छन् ।

मासु काट्न प्रयोग हुने औजारहरु लामो समयदेखि सरसफाइ गरेको पाइन्न । फोहोरमै मासु काटेर बेचिरहँदा सरकार हात बाँधेर बसेको छ । रांगाको भनेर भैंसीको र खसीको भनेर बाख्राको मासु बेच्ने काम कतिपय मासु पसलले गरिरहेकै छन् । तर, सरकारले अनुगमन गरे पो पत्ता लगाउनु ? पेय पदार्थ र सिल प्याक रक्सीको हकमा पनि त्यस्तै छ । म्याद सिद्धिएको पेय पदार्थ र रक्सी बेच्ने काम भइरहेको छ । नक्कली रक्सी पनि बेचिएकै होला । तर, कसले अनुगमन गर्ने ? भट्टी पसलहरुले खान अयोग्य सामानको प्रयोग गरेर बनाएको रक्सी बेचिरहेका छन् । त्यस्ता रक्सीले स्वास्थ्यलाई निकै हानि पुर्‍याउँछ ।

व्यापारीले आफू खुशी मूल्यमा जनताको स्वास्थ्यमाथि खेलबाँड हुने सामान बेचिरहेको छ । तर, सरकारलाई मतलब नै छैन । फलफूल आज किनेर ल्यायो, भोलि कुहिएर खानै नहुने हुन्छ । फलफूल र तरकारीमा अत्याधिक विषादी प्रयोग गरिएको हुन्छ । विडम्बना, सरकारले प्रभावकारी रुपमा विषादी चेकजाँच पनि गर्न सकेको छैन ।

जनताले तिरेको करबाट देशभरका जनप्रतिनिधि र सरकारी कर्मचारीले तलबभत्ता खान्छन् । तर, जनता लुटिएको, ठगिएको विषयमा उनीहरुलाई कुनै चासो नै छैन । पैसा तिरीतिरी जनता बिरामी बनिरहेका छन् । जुन खाद्य पदार्थ अहिले बजारमा बिक्री भइरहेको छ, त्यसले सर्वसाधारणलाई रोगी बनाउँदै लगेको छ ।

पछिल्लो समय मुलुकमा रोगीको संख्या बढ्नुको कारण अस्वास्थ्य खानेकुरा नै हो । हरेक सामानमा व्यापक मिसावट छ । मिठो बनाउन रंग र खान नहुने सामानहरु मिसाइन्छ । यता, स्वास्थ्यका लागि राम्रो भनिएको हरियो तरकारी, फलफूलमा प्रयोग भएको विषादीले रोगी बढाउनुमा मद्दत पुर्‍याइरहेको छ ।

नेपाल आयल निगमले इन्धनको मूल्य घटाएको घटायै छ । लगातार पेट्रोलको मूल्य ओरालो लागिरहेको छ । डिजेल र मट्टितेलको मूल्य पनि घट्दो क्रममै छ । इन्धनको मूल्य घटेको छ, तर यातायात व्यवसायी भाडा घटाउँदैनन् । बरु, भाडा बढाउनुपर्ने पक्षमा छन् । छिमेकी देश भारतमा आर्थिक अवस्था कमजोर भएकालाई रासन कार्ड दिइन्छ ।

सो रासन कार्ड भएकाले बजारी मूल्यभन्दा केही सस्तोमा सामान पाउँछन् । तर, नेपालमा त्यस्तो कुनै व्यवस्था छैन । बरु गरिबको नाम बेचेर टाठाबाठाहरु पदमा पुग्छन् । महेश बस्नेतले युवा संघमा हुँदा बेरोजगारीलाई भत्ता दिनुपर्ने नारा लगाए । उनी आफैं उद्योगमन्त्री र सांसद भए ।

तर, गरिब र बेरोजगारका लागि केही पनि गरेनन् । गरिबलाई जसले पनि आफ्नो माथि चढ्ने सिँढी बनाए । टाठाबाठा पदमा पुग्छन्, जनता खाडीमा । १८ देखि ५५ वर्षसम्मका नागरिक विदेशमा छन् । विदेश नगईकन न परिवार पाल्न सकिन्छ न छोराछोरी पढाउन । गरिबहरु महँगी र बेरोजगारीका कारणले झन्झन् गरिब हुँदै गए ।

धनीहरु गरिबलाई लुटेर, श्रम शोषण गरेर झन्झन् धनी हुँदै गए । मुलुकका ठूला दुई दल एमाले र काँग्रेस गठबन्धनको सरकार छ । विपक्षमा पनि जनताबाट चुनिएर गएका जनप्रतिनिधि छन् । तर, कसैले पनि जनताको आवाज बोल्दैनन् । जनता ठगिएको, लुटिएको विषयमा कुनै सांसदले बोलेको पाइँदैन ।

दसैं लागिसक्दा कुनै पनि सांसदले बजार अनुगमनका लागि सरकारको ध्यानाकर्षण गराएका छैनन् । सरकारी कर्मचारीलाई दसैंमा तलबसँगै एक महिनाको तलब बराबरको बोनस पनि आउँछ । जो मान्छे होटल, संघसंस्था, फर्म, पसल, होटल, रेष्टुरेण्ट, घरायसी काम गर्छन्, उनीहरुले लामो समयदेखि तलब पाउन सकेका छैनन् । उनीहरुले दसैं कसरी मान्ने ? एकातिर पैसा छैन, अर्कोतिर चरम महँगी छ । बढ्दो बजार भाउले जनताको ढाड सेकिएको छ । गरिबको नाममा धेरै निर्माताले फिल्म बनाए । कलाकारहरुले गीत गाए । नेताहरुले तिनै गरिबको नारा लगाए । तर, गरिबको संख्या घट्ने होइन, झनझन् बढ्दै गयो ।

देशमा राजनीति परिवर्तन भयो, तर नेताहरुलाई मात्र त्यसले फाइदा पुर्‍यायो । गरिबको समस्या र अवस्था ज्यूँको त्यूँ छ । नेताहरु हामीले यो-त्यो गरौं भन्छन्, तर गरिबको अवस्था के छ ? बुझ्दैनन् ।



**घाममा सुकाइएको ओखरः**
बोक्रा निकालेर घाममा सुकाइएको अछामको मङ्गलसेन नगरपालिका-६ ठूलासैनस्थित भण्डारी कृषि तथा पशुपन्छी फार्ममा फलेको दातेओखर । तस्विरः सञ्जाल

# दुई हजारभन्दा बढी गोलीका खोकासहित दुई पक्राउ



नेपालगञ्ज । नेपालगञ्जमा दुई हजारभन्दा बढी गोलीका खोकासहित दुई जना चोरलाई स्थानीयवासीले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका छन् ।

नेपालगञ्ज उपहानगरपालिका-३ एकलैनीमा आइतबार चोरी गर्न आएका पाँच जनाको समूहले विद्युत् पोलको लाइटमा ढुङ्गा हानेर फोड्न लाग्दा स्थानीयले उनीहरूलाई घेराउ गरी नियन्त्रणमा लिन खोज्दा सुरुमा एक जना पक्राउ परेको र अन्य भागेको वडा नं ३ का अध्यक्ष मोहम्मद अयूयुब सिद्दिकीले जानकारी दिए ।

एक जनालाई पक्राउ गरेर सोधपुछ गर्ने क्रममा अर्का एक बोरा बोकेका व्यक्ति साथीको अवस्था बुझ्न आएको अवस्थामा उनलाई पनि पक्रेर प्रहरीलाई बुझाइएको उनले बताए ।

ती व्यक्तिले बोकेको बोरामा दुई हजार ९६ थान गोलीका खोका र केही औजार भेटिएका वडाध्यक्ष सिद्दिकीले जानकारी दिए । स्थानीयले नियन्त्रणमा लिएका दुवै जनालाई वडा प्रहरी कार्यालय नेपालगञ्जमा बुझाइएको छ ।

पक्राउ परेकामध्ये एक जना बर्दिया र अर्को भारत बाबागञ्जको रहेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक पातलीले स्थानीयले नियन्त्रणमा लिएर बुझाएका चोर र उनीहरूबाट बरामद भएका गोलीका खोकाबारे अनुसन्धान भइरहेको बताए ।

यसअघि यहाँ चोरी गर्ने चेतावनी दिँदै त्यसअघि विद्युत् पोलमा पर्चा टाँसिएको भेटिएको थियो । यहाँ स्थानीयवासीले टोलमा रातभरि नियमित गस्ती गर्दै आएका छन् ।

# पुख्र्यौली पेसा सङ्कटमा परेपछि विकल्प खोज्दै बादी समुदाय



दोधारा चाँदनी । दोधारा चाँदनी नगरपालिका-३ का रेशम बादी पुख्र्यौली पेसा वाद्यवादनका सामग्री बनाएर जीविकोपार्जन गर्दै आएका थिए । पछिल्ला केही वर्षयता परम्परागत पेसाले मात्रै घर खर्चको जोहो गर्न मुस्किल भएपछि उनले अहिले उक्त पेसाको विकल्प खोज्न थालेका छन् । बाद्यवादनका सामग्री बनाउन कच्चा पदार्थ पाउन कठिन भएपछि पेसा नै सङ्कटमा पर्न थालेको बादी बताउँछन् ।

"मेरो बुबाबाजेले मादल, दमाहालगायत बाद्यवादनका सामग्री बनाएर जीविकोपार्जन गर्नुभएको हो, त्यहीँ पेसालाई मैले पनि निरन्तरता दिएको थिएँ", बादीले भने-"अहिले यो पेसाबाट घरखर्च जोहो गर्नसमेत मुस्किल पर्छ ।" बाद्यवादनका सामग्री बनाउन कच्चा पदार्थका रूपमा छाला र (खमारी) काठ आवश्यक पर्ने भए पनि अहिले सहज रुपमा पाउन मुस्किल छ । यसकारण पनि यो समुदायले पुख्र्यौली पेसाबाट जीवीकोपार्जन गर्न चुनौती थपिएको हो ।

"केही वर्षअघिसम्म तीजको बेला र दसैँतिहारमा मादल बनाउन भ्याइनभ्याइ हुन्थ्यो", बादीले भने- "अहिले तिजमा डिजेमा नाच्दछन् मादलको माग आउन छाड्यो, दसैँका बेलामा थारू समुदायले मादल बनाउन धेरै माग गर्छन् ।" उनले थारू समुदायमा दसैँको समयमा सखिया नाच नाच्ने भएकाले यो सिजनमा मादल बनाएर मात्र रु ३० हजारदेखि रु ४० हजारसम्म आम्दानी हुने गरेको बताए ।

अहिले पनि थारू समुदायबाट मादल बनाउन धेरै माग आएको छ । "अहिले मादल बनाउन न छाला पाइन्छ त (खमारी) काठ पाइन्छ, मादलमा बाख्राका छालाको प्रयोग हुन्छ", उनले भने-"भारतीय छिमेकी सहरमा छाला पाइन्छ, नाकामा सुरक्षाकर्मीले ल्याउन दिँदैनन् ।" दसैँका समयमा मादल बनाएको सानो र ठूलोको रु दुई हजारदेखि रु १२ हजारसम्म लिने गरेको बादीले जनाए ।

छाला र (खमारी) काठ नपाइने भएकाले पछिल्लो समय नयाँ मादल बनाउनेभन्दा पनि मादल मर्मतका लागि आउने गरेको उनको भनाइ छ । यही समस्याका कारण पेसा नै सङ्कटमा परेपछि विकल्पका रूपमा जुत्ताको घरेलु उद्योग सञ्चालन गरेको बादी बताउँछन् । "जतिबेलासम्म छाला र (खमारी) काठ सहज रूपमा पाइन्थ्यो यसबाट राम्रो आम्दानी हुन्थ्यो ।" बादीले भने- "अहिले जङ्गलबाट (खमारी) काठ ल्याउन मिल्दैन, छाला सहज रूपमा पाइँदैन, यी दुई मुख्य कुरा नभएपछि वाद्यवादनका सामग्री बनाउन सकिँदैन ।"

दामाहा बाजा बनाउनका लागि छाला पाउन मुस्किल हुने गरेको छ । उहाँका अनुसार भारतीय बजारमा एउटा छालाको रु एक हजारसम्म खरिद गर्न पाइन्छ । "यहाँ छालाका लागि हामीले बाख्रा किन्नुपर्छ त्यो अत्यन्त महँगो हुन्छ, छालामात्र पाउँदैन", बादीले भने- "भारतीय सहरहरूमा पाइन्छ, सीमानाकामा ल्याउन पाइँदैन ।"

अहिले जुत्ता उद्योगबाट घरखर्चको जोहो गरिरहेका बताउँदै उनले सिजनमा भने मादल बनाउने गरेको बताए । "अहिले सिजनमा माग आएका बेलामात्र यो पेसा गर्छु, जीवीकोपार्जनका लागि घरेलु जुत्ता पसल सञ्चालन गरेको छु", बादीले भने- "पाँच छोराछोरीसहित परिवारको जोहो त्यसैबाट भएको छ ।" बादी समुदायको पुख्र्यौली पेसा जोगाउनका लागि सरकारले पहल गर्नुपर्ने उनको भनाइ छ ।

बादी समुदायको मुख्य पेसा मादल, ढोलक र दामाहा बनाएर बिक्री गर्ने हो । विभिन्न पर्व विशेषमा समेत नाचगान गरेर जीविकोपार्जन गर्ने यो समुदाय बढ्दो आधुनिकतासँगै सङ्कटमा पर्दै गएको छ ।

## पर्वत र बागलुङका घर लिपपोत गर्न म्याग्दीको रातोमाटो

म्याग्दी । बेनी नगरपालिका-१ रत्नेचौरको सालघारीमा रहेको रातोमाटो स्थानीयवासीका लागि आम्दानीको स्रोत बनेको छ । दसैँतिहारअघि ग्रामीण क्षेत्रका ढुङ्गेघरलाई लिपपोत गरेर रङ्ग्याउन रत्नेचौरको रातोमाटो प्रयोग हुन्छ । सालघारीको पाखोमा रातोमाटोको खानी छ । म्याग्दी, पर्वत र बागलुङका ग्रामीण क्षेत्रमा घर रङ्ग्याउन आवश्यक रातोमाटो सालघारीको खानीबाट लैजाने गर्छन् ।

यसपालि हालसम्म २१ ट्र्याक्टर रातोमाटो बिक्री भइसकेको रत्नेचौरका स्थानीयवासीसमेत रहेका व्यवसायी एकिन्द्र महतले बताए । "खानी भएको जग्गाका धनीले प्रतिबोरा रु एक सयका दरले माटो बेच्छन्", उनले भने-"ट्र्याक्टरमा राखेर गाउँगाउँमा पुर्‍याएर न्यूनतम प्रतिबोरा रु पाँच सयका दरले बिक्री हुन्छ ।"

एक दशकअघिसम्म दसैँतिहारको सिजनमा रातोमाटो लिनका लागि सालघारीमा आउने सर्वसाधारणको भीड लाग्ने गर्दथ्यो । हाल व्यापारीले गाडी र ट्र्याक्टरमा ढुवानी गरेर रातोमाटो घरघरमा पुर्‍याउने गरेका छन् । वार्षिक ३० ट्र्याक्टरभन्दा बढी रातोमाटो बिक्री हुने व्यवसायी व्यवसायी महतले बताए ।

खानीबाट बोरामा भरेको माटो ट्र्याक्टरमा राखेर गाउँ-गाउँमा लगेर बेच्ने गरेको मङ्गला गाउँपालिका-२ बाबियाचौरबाट माटो किन्नका लागि सालघारी पुगेका सागर सुनारले बताए । सफा र चम्किलो हुने भएकाले रत्नेचौरको रातोमाटोको माग उच्च रहेको उनले जनाए । स्थानीयवासीले माटो बिक्रीका साथै माटो खन्ने काम गरेर पनि आम्दानी तथा रोजगारी पाएका छन् । बेनी, बागलुङ, कुश्मा नगरपालिका, जलजला, काठेखोला, मङ्गला, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकामा रत्नेचौरको रातोमाटो खपत हुन्छ ।

सालघारीकी जुना किसानले यसपालि मल्लाजका व्यापारीलाई रु २० हजारमा बारीको रातोमाटो ठेक्कामा बेचेको बताइन् । माटो निकालेपछि सम्मिने पाखोमा बारी बनाएर खेतीबाली लगाउने गरेको उनले जनाइन् । सालघारीबाट वार्षिक रु तीन लाखको हाराहारीमा रातोमाटो बिक्री हुने गरेको स्थानीयवासीको भनाइ छ ।

पक्की घर बनाउने, रङ र गेरु लगाउने चलन बढेपछि ग्रामीण क्षेत्रका ढुङ्गे घरमा रातोमाटो र कमेरो लगाएर रङ्ग्याउने चलन छ । दसैँअघि घरको सरसफाइ गर्ने, रातोमाटो र कमेरोले लिपपोत गर्ने चलन अझै छ । रातोमाटोले लिपपोत गरेका ढुङ्गेघर चिटिक्क र आकर्षक देखिन्छन् ।

रातोमाटो पाइने भएकाले यो ठाउँको नाम रत्नेचौर नामकरण भएको बताइएको छ । रातोमाटो निकाल्दा खाल्डोमा पुरिने, पहिरो खस्ने जोखिम हुने भएकाले सावधानी अपनाउनुपर्छ । विपद् र दुर्घटनाको जोखिम न्यूनीकरण गरी रातोमाटोलाई प्रशोधन र प्याकेजिङ गरेर बजारीकरण गर्न सकिने सम्भावना छ ।

# सात दिनपछि खुल्यो बागलुङ-सिगाना-बरेङ सडक



गलकोट (बागलुङ) । गत भदौ २९ गते बिहानैदेखि बन्द भएको बागलुङ-सिगाना-बरेङ शान्तिपुर सडक सात दिनपछि सञ्चालनमा आएको छ ।

बागलुङ नगरपालिका-८ सिगानामा सडक माथिबाट खसेको ठूलो पहिरोले सडकसहित एउटा गोठ पुरेको थियो भने एक परिवार विस्थापित भएका छन् । चट्टानसहितको ठूलो पहिरो खसेकाले खुलाउन समय लागेको थियो । आइतबारदेखि सडक सञ्चालन भएसँगै यात्रु गन्तव्यमा लागेका छन् ।

उक्त सडक 'एक निर्वाचन क्षेत्र एक सडक'अन्तर्गत बागलुङ बजारबाट सिगानासम्मको १० किमी कालोपत्र भएको थियो । सडक डिभिजन कार्यालय बागलुङले कर्ण विल्र्डसलाई ठेक्कामार्फत् सडक कालोपत्र गर्न दिएको थियो ।

कार्यालय र निर्माण व्यवसायीको सहयोगमा पहिरो पन्छाएर सडक सञ्चालनमा ल्याइएको बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले जानकारी दिए । पहिरोका कारण पुरिएको गोठबाट मृत अवस्थामा भैँसी निकालिएको उनले बताए ।

क्षतिग्रस्त घरबाट सामग्री स्थानान्तरण कार्यमा नगरपालिकाले नगरप्रहरीका साथै डोजर प्रयोग गरेर तत्कालै सहजीकरण गरेको खड्काले उल्लेख गरे । उनका अनुसार सडक डिभिजन कर्यालयको सहजीकरणमा लगातार पाँचदिन स्काभेटर प्रयोग गरेर पहिरो पन्छाइएको हो ।

### विद्युत्...

बोर्ड बैठकबाट निर्णय भएपछि बक्यौता उठाउन कुनै समस्या नभएको समेत उनले बताए । कुलनमान नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक भएको बेला पटक-पटक विद्युत् बक्यौता उठाउन भनेर तिर्न बाँकी रहेको उद्योगीको लाइन काट्दै आएका थिए ।

तर, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल र त्यसपछि प्रधानमन्त्री केपी शर्मा ओली भएका बेला पनि बिजुलीको लाइन काट्दा जोड्न निर्देशन दिएका थिए ।

नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड र ट्रंक लाइनको महशुल बुझाउन धेरै पटक उद्योगी तथा व्यवसायीलाई दबाब दिँदै आएको छ । प्राधिकरणले उद्योग तथा अन्य सार्वजनिक क्षेत्रले डेडिकेटेड तथा ट्रंकलाइनमार्फत् लिएको विद्युत्को जरिवानासहित करिव २५ अर्ब रुपैयाँ उठाउनुपर्ने बताइरहेको छ ।

उद्योगीलाई लोडसेडिङको समयमा २४ घण्टा नै विद्युत् प्रयोग दिइएको थियो । तर उद्योगीले प्रयोग नगरेको बिजुलीको समेत बिल आएको भनेर उद्योगीले नतिर्ने बताउँदै आएका छन् ।

### नेतृत्व...

नेता महतले अहिले कांग्रेस एक भएर अघि बढ्ने समय रहेको भन्दै विभाजनकारी प्रवृत्ति गलत भएको टिप्पणी गरे । 'अहिले एक हुने बेला हो । एक भएर आफ्ना कमीकमजोरी हटाउँदै बलियो पार्टीका रूपमा अघि बढ्नुपर्छ । तर घाउ लागेको बेलामा घाउमा नुन छर्ने प्रवृत्ति गलत हो ।'- उनले भने ।

'चार दिनअघिसम्म सभापति अत्यन्तै ठिक हुनुहुन्थ्यो, उहाँहरूसँग निकटता देखाउनेहरू नै अहिले प्रश्न उठाइरहनुभएको छ । तत्काल नेतृत्व परिवर्तनको कुरा गर्नेहरू त्यतिबेला सबैभन्दा नजिकका साथीहरू हुनुहुन्थ्यो ।'-महतले भने ।

उनले प्रधानमन्त्री केपी शर्मा ओलीको शैली ठिक बाटोमा नभएको भन्दै त्यसबारे कांग्रेसले आलोचना गर्दै आएको स्मरण गरे । 'हामीले कतिपय कुरा ठिक छैन भनेर पहिले नै भनिरहेका थियौं । तर अहिले नयाँ परिस्थिति बनेको छ भनेर तत्कालै नेतृत्व फेर्नुपर्ने कुरा गर्नु उचित होइन । अभिभावकमाथि सांघातिक प्रहार हुँदा कम्तीमा उपचार पूरा हुन त पर्खनैपर्छ ।'-उनले स्पष्ट पारे ।

यो पद्धतिबाट कोही बाहिर जान नसक्ने र नवपुस्ताले पनि यही चाहेको कांग्रेसको निष्कर्ष रहेको उले बताए । 'हामी केही दिन पर्खन सक्दैनौं ? आकाश झरिहाल्छ ? अवश्य पनि हामी पार्टीभित्र मन्थन गर्छौं, पार्टीका संरचनाहरू छन् । त्यहाँ गम्भीर छलफल गर्छौं ।'- उनले थपे ।

यो घटना किन घट्यो ? त्यसको मूल्याङ्कन गर्ने बताउँदै उनले आफूहरु सुध्रिनुपर्ने भएकाले सुधार पनि गर्ने तर यसको लागि पनि पर्खिन र कार्यसम्पादन समितिबाट भएको आधिकारिक निर्णयभन्दा छुट्टै जिम्मेवार नेताहरूले अर्कै बहस थाल्न नहुने महतले बताए । यसले हाम्रो पार्टीलाई मजबुद पनि नगर्ने उनको भनाइ छ ।

अहिले देशमा लोकतन्त्रविरोधी र देशलाई कमजोर गर्ने चाहने प्रवृत्ति आएको दाबी गर्दै उनले निरन्तर देशलाई अस्थिरतातर्फ धकेल्न चाहने प्रवृत्तिहरूलाई पार्टीभित्रको किचलोले मद्दत पुगेको बताए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौं

**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

दर्ता नं. २९७९६४ मा दर्ता भएको लखी एग्रो फार्म प्रा.लि.को कम्पनी दर्ता खारेजी गर्ने माग र सो सम्बन्धमा कम्पनी रजिष्ट्रार कार्यालयका सहायक रजिष्ट्रार समक्ष गरिएको सनाखत समेतका पेश गरिएका कागजातहरु अनुसार र मिति २०८२/०६/०२ मा कम्पनी रजिष्ट्रार कार्यालयको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १३६ (१) अनुसार उपरोक्त कम्पनीको दर्ता खारेजी गर्ने निर्णय भएकोले सोही व्यहोरा सम्बन्धित सवैको लागी सूचित गरिन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौं

**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

दर्ता नं. २२७२१२ मा दर्ता भएको आसे कन्स्ट्रक्सन प्रा.लि.को कम्पनी दर्ता खारेजी गर्ने माग र सो सम्बन्धमा कम्पनी रजिष्ट्रार कार्यालयका सहायक रजिष्ट्रार समक्ष गरिएको सनाखत समेतका पेश गरिएका कागजातहरु अनुसार र मिति २०८२/०६/०२ मा कम्पनी रजिष्ट्रार कार्यालयको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १३६ (१) अनुसार उपरोक्त कम्पनीको दर्ता खारेजी गर्ने निर्णय भएकोले सोही व्यहोरा सम्बन्धित सवैको लागी सूचित गरिन्छ ।

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३




**ओखलमा धान कुट्दैः**
जुम्लाको तिला गाउँपालिका-५ स्थित नुवाकोट गाउँका महिला ओखलमा धान कुट्दै । यस भेगमा अझै पनि परम्परागत तरिकाले मकै र गहुँ घट्टमा पिस्ने र धान ओखलमा कुट्ने चलन कायमै रहेको छ । तस्विरः विजय रावत/रासस

# आगजनीले राज्यलाई कमजोर पार्‍यो : मुख्यमन्त्री आचार्य



दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले जेनजी आन्दोलनका क्रममा दाङ जिल्लामा आगजनीबाट प्रभावित कार्यालयहरुको अनुगमन गरेका छन् । आइतबार तुलसीपुर उप-महानगरपालिका क्षेत्रमा आगजनीबाट प्रभावित कार्यालयहरुको मुख्यमन्त्री आचार्यले अनुगमन गरेका हुन् । तुलसीपुर उप-महानगरपालिका, उच्च अदालतदेखि आगजनीमा परेका सबै सरकारी कार्यालय र राजनीतिक दलका पार्टी कार्यालयमा पुगेर अनुगमन गर्दै मुख्यमन्त्री आचार्यले टेन्ट टाँगेर भए पनि सेवा प्रवाहलाई अगाडि बढाइने बताए । उनले कर्मचारी र सेवाग्राहीको मनोबल उच्च बनाउन अनुगमन सुरु गरेको जानकारी दिए ।

'जेनजीको नाममा घुसपैठ गरेर राज्यलाई नै समाप्त गर्नेगरी आगजनी गरियो । यो घटनाले ठूलो नोक्सानी भएको छ,' सञ्चारकर्मीहरुसँगको कुराकानीमा मुख्यमन्त्री आचार्यले भने-'प्रत्यक्ष नागरिकको दैनिक कामसँग जोडिएका कार्यालयहरु खरानी भएका छन् । जसबाट सेवा प्रवाह गर्न कठिनाइ हुने निश्चित छ । मालपोत कार्यालय, नापी कार्यालय जलेका छन् । ती कार्यालय जल्दा धेरै महत्वपूर्ण कागजपत्र पनि खरानी बने । अब पुनः कागजपत्र बनाउन निकै दुःख हुने देखिन्छ ।'

राज्यलाई कमजोर पार्ने गरी भएको आगजनीले कसैलाई फाइदा नहुने उनले जनाए । 'टेन्ट टाँगेरै भए पनि सेवा अगाडि बढाउनुपर्छ भनेर हामीले भनिरहेका छौं । सबै कार्यालयहरुमा पुगेर कर्मचारीहरुको मनोबल उठाउने र सेवाग्राहीलाई कसरी सेवा पुर्‍याउन सकिन्छ भन्ने छलफललाई पनि केन्द्रित गरेर अघि बढिरहेका छौं ।'-उनले भने ।

जेनजीको नाममा घुसपैठ गरेर सरकारी सम्पत्तिको विनाश मच्चाउने काम भएको भन्दै मुख्यमन्त्री आचार्यले निन्दा पनि गरे ।

अनुगमनमा दाङका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, स्थानीय तहका प्रमुख तथा जनप्रतिनिधि, सरोकारवाला पक्षलगायतको उपस्थिति रहेको थियो ।

मुख्यमन्त्री आचार्यले तुलसीपुर उप-महानगरपालिका, उच्चअदालत तुलसीपुर, उच्चसरकारी वकिलको कार्यालय, पार्टी कार्यालय, कोमल रिसोर्ट, मालपोत कार्यालय, लोकसेवा आयोग, आन्तरिक राजस्व कार्यालय, भू-तथा जलाधारलगायतका कार्यालयको अनुगमन गरेका थिए ।

भदौ २४ गते जेनजी आन्दोलनका क्रममा लुम्बिनी प्रदेशमा १३२ सरकारी कार्यालयमा तोडफोड, आगजनी र लुटपाट भएको थियो ।

आन्दोलनका क्रममा ६७ निजी सम्पत्तिमा तोडफोड, ५२ राजनीतिक दलका पार्टी कार्यालय र १४ वटा प्रहरी इकाइमा आगजनी तथा तोडफोड भएको लुम्बिनी प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ ।

आन्दोलनका क्रममा लुम्बिनी प्रदेशअन्तर्गत सबैभन्दा बढी क्षति दाङ जिल्लामा भएको छ । जसमा ७० वटा संरचनामा तोडफोड र आगजनी गरिएको विवरण प्रहरीले यसअघि नै सार्वजनिक गरेको थियो ।

# अदालतका २५ हजारमध्ये तीन हजार मिसिल मात्र सुरक्षित



बुटवल । सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार विमल पौडेलले अदातल जले पनि न्यायको दीप ननिभेको बताएका छन् ।

आइतबार संवैधानिक तथा न्यायिक पत्रकार मञ्चले आयोजना गरेको कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । पालमै भए पनि न्यायको दीप मर्न नदिने अठोटका साथ अदालत अघि बढिरहेको उनको भनाइ छ ।

उनले भने-'क्षतिका कुरा कति गरौँ ? राष्ट्र नै सबै जलेको थियो । नेपाल सरकारका सबै व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका तीनवटै सर्वोच्च निकायहरू जलेका अवस्थामा थिए । त्यो चुनौती अवसरमा बदलेर अघि बढ्नुपर्नेछ। न्यायको दीप निभेको छैन । २९ गतेबाट हामीले नियमित सेवाहरू सुरु गरेका छौँ । देशभरका सबै अदालतबाट न्यूनतम सेवा दिइरहेका छौँ ।'

देशभरका सबै अदालतबाट न्यूनतम सेवा दिइरहेको उनको भनाइ थियो । २५ हजार मिसिलमा ३ हजार मात्रै सुरक्षित रहेको जानकारी पनि उनले दिए ।उनले भने-'करिब २५ हजार मिसिल थिए । हामीले ३ हजार जति मात्रै मिसिल फेला पारेका छौँ । बाँकी रहेका २२ हजार मिसिलको प्राप्तिमा बार एसोसिएसन, महान्यायाधिवक्ताको कार्यालयबाट सहयोग माग्नेछौँ ।'मुख्य रजिस्ट्रार पौडेलले आइटीको सर्भर रिस्टोर गरेर पूर्ववत् रूपमा सञ्चालन गर्ने तयारीमा सर्वोच्च अदालत रहेको बताए । न्याय सम्पादनमा मनोबल महत्त्वपूर्ण हुने भन्दै मनोबल उच्च राख्ने गरेर सुरक्षाको प्रत्याभूति दिनुपर्ने उनको भनाइ छ । सर्वोच्च अदालतमा इजलासहरू पालमुनि चलाएको भन्दै योभन्दा विडम्बनापूर्ण स्थिति केही नहुने उनको धारणा थियो ।

# आगजनी भएका सरकारी कार्यालयलाई व्यापार संघले दियो कम्प्युटर र प्रिन्टर




बुटवल । रुपन्देही व्यापार संघले भदौ २३ र २४ गतेको जेनजीको आन्दोलनका क्रममा आगजनी भएका दुई सरकारी कार्यालयलाई दैनिक काम सञ्चालनका लागि आवश्यक विद्युतीय सामानहरु निःशुल्क प्रदान गरेको छ ।

संघको कार्यालयमा आइतबार आयोजित सामग्री हस्तान्तरण कार्यक्रममा इलाका प्रशासन कार्यालय, बुटवल र सरकारी वकिलको कार्यालय बुटवललाई करिव २ लाख मूल्य बराबरका २ थान कम्प्यूटर, प्रिन्टर तथा स्क्यानरहरु प्रदान गरिएको कार्यालय प्रमुख सरोज पाखेरेलले बताए ।

कार्यक्रममा संघका अध्यक्ष दिपकप्रसाद अधिकारीले इलाका प्रशासन कार्यालयका प्रमुख रामचन्द्र अर्याल र सरकारी वकिल कार्यालय बुटवलका कम्प्यूटर अपरेटर बुद्धि पराजुलीलाई ती सामग्री हस्तान्तरण गरेका थिए ।

सो अवसरमा बोल्दै इलाका प्रशासन कार्यालय, बुटवलका प्रमुख रामचन्द्र अर्यालले आगजनीबाट ध्वस्त कार्यालयबाट सेवा प्रदान गर्न गरिएको सहयोगप्रति आभार प्रकट गर्दै जनतालाई दिने सेवा जति सक्दो चाँडो प्रदान गर्न आफूहरु लागिपरेको बताए ।

उनले कार्यालयमा गरिएको आगजनी र त्यसबाट भएको क्षतिको अवस्थाले करिव ३ महिनासम्म पनि सहजै सेवा दिनसक्ने अवस्था नभए पनि सबैको सहयोगबाटे सेवा सुचारु गर्ने योजना बनाएको जनाए । रुपन्देही व्यापार संघका पूर्व अध्यक्ष श्रीकृष्ण पोखरेलले मुलुकले अकल्पनिय क्षति व्यहेरोको वर्तमान अवस्थामा सबैले सहयोगको भावना राखेर काम गर्नु पर्ने बताए ।

कार्यक्रममा संघका महासचिव फर्सुराम पन्थले पनि आफ्ना भनाइ राखेका थिए । जेनजीको आन्दोलनका क्रममा रुपन्देहीमा करिव ३ दर्जन सरकारी कार्यालयहरुमा तोडफाड तथा आगजनी भएको छ । आगजनीबाट ति कार्यालयहरुबाट प्रदान गरिने सेवाहरु बन्द भएका छन् ।

# मतदाता नामावली संकलन गर्न कानुन संशोधनको प्रस्ताव



बुटवल । निर्वाचन आयोगले मतदाता नामावली संकलन खोल्न कानुन संशोधनका लागि सरकारलाई प्रस्ताव गरेको छ ।

आयोग पदाधिकारीहरुको आइतबारको बैठकले मतदाता नामावली ऐन संशोधनका लागि गृह मन्त्रालयमा प्रस्ताव पठाएको छ । मन्त्रिपरिषद् को बैठकले यो ऐनलाई अध्यादेशमार्फत् संशोधन गर्ने सम्भावना छ ।

निर्वाचन आयोग सूचना अधिकार सुमन घिमिरेका मतदाता नामावली ऐनको दफा ४ को संशोधन गर्न लागिएको हो । जसअनुसार अब आयोगले चाहेको अवस्थामा मतदाता नामावली खोलाउने सक्ने छ भन्ने प्रावधान राखिने छ ।

विद्यमान ऐनमा चुनावको मिति घोषणा भइसकेपछि मतदाता नामावली संकलन गर्न नमिल्ने व्यवस्था छ ।

यो व्यवस्थाअनुसार अब मतदाता नामावली संकलन गर्न मिल्दैनथ्यो ।

१८ वर्ष उमेर पुगेका धेरै युवाहरुको नाम छुट्ने भएकाले अहिले पुनः मतदाता नामावली संकलन गर्नु पर्ने दबाब थियो । त्यसका लागि सहजीकरण गर्नका लागि नामावली संकलन गर्न लागिएको हो ।

विदेशमा रहेका नेपालीहरूलाई पनि मतदानमा संलग्न गराउनेबारे पनि अहिले बहस सुरु भएको छ । तर उनीहरुलाई कसरी कुन विधिबाट समावेश गर्ने भन्नेबारे पनि आयोगले विज्ञहरुसँग छलफल थालेको छ ।

# ७० युनिट रगत संकलन



बुटवल । नेपाल मानव धर्मसेवा समिति, बुटवल लुम्बिनी क्षेत्रीय आश्रमको आयोजनामा बृहत् रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

मानव धर्मका प्रेणता परमहंस्य सद्गुरुदेव श्री सतपालजी महाराजको पावन जन्मोत्सव तथा विश्व शान्ति दिवसको अवसरमा आयोजित कार्यक्रममा ७० युनिट रगत संकलन भएको कोषाध्यक्ष भिम गुरुङले जानकारी दिए ।

लुम्बिनी क्षेत्र प्रमुख बाइजी अम्बिका बाइजीको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै उनले प्रत्येक वर्ष जन्मोत्सवका अवसरमा नेपालभर कार्यक्रम हुँदै आएको उल्लेख गरिन । सो अवसरमा पूजा, हवन, भण्डारा तथा भक्ती संगीतका साथै दिनभर सत्सङ र भजन कार्यक्रमसमेत सञ्चालन भएको बाइजी अम्बिकाले बताइन् ।

लुम्बिनी क्षेत्रीय अध्यक्ष चोपनारायण बञ्जाडेले जन्मोत्सवको अवसरमा धार्मिक तथा सामाजिक गतिविधिलाई जोड दिँदै सत्सङ र भजन कार्यक्रममार्फत् भक्तजनलाई प्रेरित गरिएको बताए ।

रक्तदान कार्यक्रम सम्पन्नपछि सहभागी रक्तदाताहरुलाई प्रशंसा पत्र प्रदान गरिएको कार्यक्रम संयोजक शेखर थापाले जानकारी दिए ।

# ध्रुवतारा सयपत्री सहकारीको १९औं वार्षिक साधारणसभा



बुटवल । ध्रुवतारा सयपत्री बचत तथा ऋण सहकारी संस्था लिमिटेड बुटवलको १९औं वार्षिक साधारणसभा शनिबार एक कार्यक्रमका बिच सम्पन्न भएको छ । सहकारीका अध्यक्ष मानबहादुर कुँवरको अध्यक्षतामा भएको कार्यक्रममा सहकारीका ज्येष्ठ सेयर सदस्य दयाराम खनालको प्रमुख आतिथ्यता रहेको थियो ।

खनालले सहकारी आर्थिक विकासको मेरुदण्ड भएकाले यसलाई सही तरिकाले सदुपयोग गर्नसकेमा सबैको हित हुने बताए । उनले ध्रुवतारा सयपत्री सहकारीले सदस्यहरुको हितमा काम गरेको जनाए । सहकारीका अध्यक्ष मानबहादुर कुँवरले अध्यक्षको वार्षिक प्रतिवेदन, कोषाध्यक्ष मणिरत्न शर्माले आर्थिक प्रतिवेदन र वित्तीय लक्ष्य प्रस्तुत, लेखा सुपरीवेक्षण समिति संयोजक पशुपति पौडेलले लेखा प्रतिवेदन प्रस्तुत गरी सर्वसम्मतले पारित गरेको छ ।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका सहकारी विभाग प्रमुख गुणाकर खनालले सेयर सदस्यहरुलाई प्रशिक्षण दिएका थिए । साधारणसभामा सहकारीमा रिक्त रहेको महिला सदस्यमा कमला आचार्य पोखरेललाई चयन गरिएको छ। पोखरेल सहकारीको सञ्चालक समिति सदस्यमा निर्विरोध निर्वाचित भएकी छन् । सहकारीका कानूनी सल्लाहकार तथा निर्वाचन समिति संयोजक अधिवक्ता माधवप्रसाद घिमिरेले नवनर्विाचित सदस्य पोखरेललाई शपथ ग्रहण गराएका थिए ।

कार्यक्रममा सहकारीका पूर्व अध्यक्ष तथा सल्लाहकार चुरामणि भुसाल, तुलसीराम शर्मालगायतले शुभकामना मन्तव्य राखेका थिए । त्यस्तैगरी साधारणसभामा प्रस्तुत भएका विषयवस्तुबारे खुमानन्द भुसाल, गोपाल गैरे र डिल्लीप्रसाद पाध्याले सुझावहरु राखेका थिए ।

आ.व. २०८१/०८२ असार मसान्तसम्म संस्थाको कुल सम्पत्ति २० करोड ५ लाख ७६ हजार २ सय ३२ रुपैयाँ ८ पैसा, सेयर पुँजी २ करोड १ लाख २० हजार रुपैयाँ, निक्षेप संकलन १५ कारेड ४६ लाख १४ हजार ९४ रुपैयाँ ४४ पैसा रहेको छ ।

सहकारीमा ७ सय ७ जना महिला र ६ सय ९६ जना पुरुष सदस्य गरी कुल १ हजार ४ सय ३ जना सेयर सदस्यहरु आबद्ध रहेका छन् । सहकारीका उपाध्यक्ष ई. छविन्द्र भट्टराईले संस्थाको बारेमा तयार गरिएको गीत प्रस्तुत गर्दै स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रमको सञ्चालन सचिव विनोद खनालले गरेका थिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com